# विद्ययाऽमृतमश्नुते

## पोखरा विश्वविद्यालय प्राध्यापक संघ

को

# विधान

## २०६३

प्रकाशक

**पोखरा विश्वविद्यालय प्राध्यापक सघं (पो.वि.प्रा.सं)**

Pokhara University Teachers Association (PUTA)

केन्द्रीय समिति (२०७५)

# पोखरा विश्वविद्यालय प्राध्यापक संघको विधान-२०६३

**प्रस्तावनाः**

पोखरा विश्वविद्यालयअन्तर्गतका कार्यरत प्राध्यापकहरुको पेशागत हकहित तथा प्रज्ञिक क्षमता अभिवृद्धिका साथै पोखरा विश्वविद्यालयको सस्थांगत तथा संरचनागत विकासमा संगठितरुपले कार्य गर्न तथा साझा उद्देश्य भएका सघंसस्थाहरुसंग समन्वयन गरी प्राज्ञिक गरिमा, मर्यादा र ऐतिहासिक दायित्वलाई उच्चतम बनाउन प्रयत्नशील भई कार्य गर्ने उद्देश्यबाट अभिप्ररित भई पोखरा विश्वविद्यालय प्राध्यपक संघको विधान २०६३ तर्जुमा गरिएको छ ।

## १. नाम र प्रारम्भ :

(क) यस संस्थाको नाम पोखरा विश्वविद्यालय प्राध्यापक सघं (पो.वि.प्रा.सं) रहनेछ । यसलाई अंग्रेजीमा Pokhara University Teachers Association (PUTA) भनिन्छ ।

ख) यो विधान पोखरा विश्वविद्यालय प्राध्यापक सघंको साधारण सभाबाट पारित भएको मितिदेखि लागू हुनेछ ।

## २. परिभाषा :

**विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस विधानमा :**

क) "पोखरा विश्वविद्यालय प्राध्यापक संघ" भन्नाले नेपाल अधिराज्यभित्र पोखरा विश्वविद्यालय अन्तर्गत कार्यरत प्राध्यापकहरुको प्रतिनिधित्व हुने संरचनालाई जनाउँदछ ।

ख) "केन्द्रीय कार्य समिति" भन्नाले पो. वि.वि.प्रा.सं को केन्द्रीय कार्य समितिलाई जनाउँदछ ।

ग) "सदस्य" भन्नाले दफा ६ बमोजिम सदस्यता प्राप्त गरेको व्यक्तिलाई जनाउँदछ ।

घ) "पोखरा विश्वविद्यालय" भन्नाले ऐन बमोजिम कास्की जिल्ला लेखनाथ नगरपालिका बार्ड न. १२ खुदीमा केन्द्रीय कार्यलय रहेको विश्वविद्यालयलाई जनाउंदछ ।

ङ) " क्याम्पस" भन्नाले पोखरा विश्वविद्यालयका आङ्गिक क्याम्पसलाई जनाउँदछ ।

च) "प्राध्यापक" भन्नाले पोखरा विश्वविद्यालय अन्तर्गत पूर्णकालीन रुपमा (Full-Time) नियुक्ति पाई शिक्षण वा अनुसन्धानमा स्थायी, अस्थायी, वा करार सेवामा कार्यरत प्राध्यापक, सह-प्राध्यापक, उप-प्राध्यापक, सहायक-प्रशिक्षक आदिलाई जनाउँछ ।

**३. कार्यालय :**

क) पोखरा विश्वविद्यालय प्राध्यापक सघको केन्द्रीय कार्यालय पोखरामा रहनेछ ।

ख) पोखरा विश्वविद्यालय अन्तर्गतका क्याम्पस इकाई प्राध्यापक संघका कार्यालयहरु आ-आफ्नो क्यापसको पायक पर्ने स्थानमा रहनेछन् ।

**४. पोखरा विश्वविद्यालय प्राध्यापक संघका उद्देश्यहरुः**

क) प्राध्यापक समुदायको पेशागत हकहितको संरक्षण र सम्वर्धन गर्ने ।

ख) पोखरा विश्वविद्यालयअन्तर्गत प्रध्यापन पेशामा संलग्न प्रध्यापकहरुको शैक्षिक स्तर अभिवृद्धि गर्न प्रयत्न गर्ने ।

ग) राष्ट्रको चौतर्फी समुन्नतिका निमित्त आवश्यक उच्चस्तरीय जनशक्ति तयार गर्न प्रयत्नशील रहने ।

घ) मुलुकको विद्यमान शिक्षा प्रणालीमा समयानुसार आवश्यक सुधार गर्न विभिन्न विश्वविद्यालयहरु तथा नेपाल सरकारको सम्बन्धित निकायहरुलाई सल्लाह तथा सुझाव दिने ।

ङ) पोखरा विश्वविद्यालयको संस्थागत स्वायत्तता तथा प्राध्यापकहरुको प्राज्ञिक स्वतन्त्रताको संरक्षण र संवर्धन गर्ने

च) पोखरा विश्वविद्यालयको संस्थागत तथा संरचनागत बिकासको लागी आवश्यक कार्यहरु गर्ने र

छ) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जगतमा प्राध्यापकहरुको मर्यादा र प्रतिष्ठा अभिवृद्धि गर्न निरन्तर क्रियाशील रहने ।

**५. कार्यक्रम :**

उपर्युक्त उद्देश्यहरु प्राप्तिका लागि पो.वि.प्रा.स.ले निम्नलिखित आवश्यक कार्यक्रमहरु संचालन गर्ने छ ।

क) प्राध्यापकहरुको प्राज्ञिक उन्नयनका लागि गोष्ठी, प्रवचन, अन्तरक्रिया, अभिमुखीकरण र त्यस्तै अन्य कार्यक्रम गर्ने गराउने ।

ख) प्राध्यापकहरुको पेशागत उन्नयनका लागि वाचनालय, पुस्तकालय, शैक्षिक-भ्रमण, अन्वेषण र भौतिक विकासको प्रबन्ध गर्ने गराउने ।

ग) पुस्तक-पुस्तिका तथा पत्र-पत्रिकाहरुको प्रकाशनको व्यवस्था गर्ने गराउने ।

घ) समान उद्देश्य भएका राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ-संस्थाहरुसंग सम्पर्क र सम्बन्धको विकास गर्ने गराउने ।

ङ) प्राध्यापकहरुको न्यायोचित अधिकार तथा पेशागत हकहितको संरक्षणका लागि आवश्यक कार्य गर्ने गराउने ।

च) पेशागत उन्नयनका लागि प्राज्ञिक आदान-प्रदान कार्यक्रमहरु संचालन गर्ने गराउने ।

छ) पोखरा विश्वविद्यालयको संस्थागत तथा संरचनागत बिकासको लागी आवश्यक कार्यहरु गर्ने गराउने ।

**६. सदस्यता प्राप्ति, नवीकरण तथा समाप्ति :**

क) पोखरा विश्वविद्यालय अन्तर्गतका क्याम्पस पोखरा विश्वविद्यालय केन्द्रीय प्राध्यापक संघद्वारा निर्धारित प्रक्रिया पूरा गरी पो.वि.वि.प्रा.सं का सदस्य बन्न सक्ने छन् । यसरी सदस्य भएका विभिन्न क्याम्पस एकाइ संघका सदस्यहरु पनि साधारण सदस्य हुने छन् । तर कुनै पनि प्राध्यापकले एकभन्दा बढी विश्वविद्यालय वा क्याम्पस वा अनुन्धान केन्द्रबाट सदस्यता लिन पाउने छैन ।

ख) पोखरा विश्वविद्यालय प्राध्यापक संघको सदस्यताको लागि प्रत्येक वर्षको रु. १००।- (एकसय) का दरले तीन वर्षको रु ३००।- (तीनसय) बुझाउनु पर्नेछ र उक्त रकम मध्ये पो.वि.प्रा.सं. विश्वविद्यालय संघमा रु १००।- (एकसय) र रु. १००।- (एकसय) ने.प्रा.सं. को कोषमा जम्मा हुनेछ । नयाँ सदस्याको लागि प्रवेश शुल्क रु १००।- (एकसय) लाग्नेछ र सो प्रवेश शुल्कको रकम क्याम्पस एकाइ समितिको कोषमा रहनेछ ।

ग) पो.वि.प्रा. सं. को प्रत्येक तीन वर्षमा हुने अधिवेशनको लागि सम्वन्धित एकाइ समितिको निर्वचन अगावै प्रत्येक सदस्यले सदस्यता नवीकरण गराई सक्नु पर्नेछ । सदस्यता वितरण तथा नवीकरणको कार्य एकाइ समितिले गर्नेछ ।

घ) कुनै पनि सदस्यले तोकिएको अवधिभित्र शुल्क नबुझाएमा अथवा दफा ६ (क) को अवस्था नरहेमा वा संघको उद्देश्यविपरीत कार्य गरेमा निजलाई सदस्यताबाट वंचित गर्न सकिनेछ । तर सदस्यताबाट निष्काशित गर्नु अगावै निजलाई स्पष्टीकरणको उचित मौकाबाट बन्चित गरिने छैन ।

ङ) विश्वविद्यालय सेवाबाट निवृत वा अवकाश पाएपछि पनि केन्द्रीय कार्य समितिको निर्णयानुसार कुनै पनि प्राध्यापकले रु. १०००।- (एक हजार) केन्द्रीय कार्य समितिमा तिरी आजीवन सदस्यता प्राप्त गर्न सक्नेछन् । तर त्यस्ता सदस्यले संघको कुनैपनि पदमा उम्मेदवारी दिन पाउने छैन ।

**७. पो.वि.वि प्रा.सं.को स्वरुप :**

क) पोखरा विश्व विश्वविद्यालयअन्तगर्त देशको विभिन्न स्थानमा रहेका क्याम्पस इकाई प्राध्यापक संघहरुको प्रतिनिधित्व गर्दै पोखरा विश्वविद्यालय प्राध्यपक सघं नेतृत्वकारी संगठनको रुपमा रहनेछ।

ख) हरेक क्याम्पस इकाई प्राध्यापक संघका सभापति, उप-सभापति, महासचिव, सचिव र कोषाध्यक्षले पो.वि.प्रा.सं.को महाअधिवेशनमा पदेन सदस्यको रुपमा प्रतिनिधित्व गर्ने छन् । तर निजहरुले पो.वि.प्रा.सं.को कुनैपनि पदमा उम्मेदारी दिन पाउने छैनन् ।

ग) दफा (ख) का अतिरिक्त प्रत्येक क्याम्पस इकाई प्राध्यापक संघको अधिवेशनले समानुपातिक सिद्धान्तानुसार एकल सक्रमणीय मतको आधारमा प्रत्येक तीन जना प्रतिनिधि मध्येबाट एक जना प्रतिनिधि पर्ने गरी पो.वि.प्रा.सं. महाअधिवेशनका लागि प्रतिनिधि निर्वाचित गरी पठाउने छ ।

घ) महाअधिवेशन प्रतिनिधि तथा पदाधिकारीहरु चयन गर्दा समावेशी हुनेछन् ।

ङ) माथि क,ख,ग बमोजिम हुन नसकेमा क्याम्पसका प्राध्यापकहरू नै पो.वि.प्रा.सं. महाअधिवेशनका सदस्य हुनेछन् ।

**८. अधिवेशन :**

क) पो.वि.प्रा.सं.को महाअधिवेशन सर्वाधिकार सम्पन्न सर्वोच्च निकाय हुनेछ ।

ख) दफा ७ मा उल्लेख भएको प्रक्रिया र संख्यामा निर्वाचित भई आएका प्रतिनिधिहरु पो.वि.प्रा.सं. महाअधिवेशनका सदस्य हुनेछन् ।

ग) पो.वि.प्रा.सं. केन्द्रीय कार्य समितिका पदाधिकारी तथा सदस्यहरु महाधिवेशनमा पदेन सदस्य हुनेछन्।

घ) महाअधिवेशनका सदस्यहरुले १३ जना केन्द्रीय कार्य समितिका सदस्यहरुको निर्वाचन समानुपातिक सिद्धान्तानुसार एकल संक्रमणीय मतका आधारमा गर्ने छन् । यसरी निर्वाचित केन्द्रीय कार्य समितिका सदस्यहरुले आफूहरुमध्येबाट सभापति, उप-सभापति, महासचिव, सचिव र कोषाध्यक्षको निर्वाचन गर्नेछन् । यस वाहेक पो.वि.प्रा.सं. का निवर्तमान सभापति पदेन सदस्य हुनेछन् ।

ङ) केन्द्रीय कार्य समितिले प्रत्येक तीन वर्षमा महाधिवेशन सम्पन्न गर्नेछ । केन्द्रीय कार्य समितिको निर्णयले वा अधिवेशनका एक-तिहाई सदस्यहरुद्वारा कारण खोली लिखित माग गरेमा विशेष महाअधिवेशन बोलाईनेछ ।यस्तो विशेष महाअधिवेशन र नियमित महाअधिवेशनको बीच एक वर्षको अन्तर हुनुपर्नेछ।

च) कुनै पनि सदस्यले केन्द्रीय कार्य समितिको एउटै पदमा दुई पटक भन्दा बढी निर्वाचित हुन पाउने छैन ।

छ) पो.वि.प्रा.सं. केन्द्रीय कार्य समितिको निर्वाचन र अन्य महत्वपूर्ण विषयहरुमा समेत छलफल गरी निर्णय लिन प्रत्येक तीन वर्षमा एक पटक महाअधिवेशन बोलाइनेछ ।

ज) केन्द्रीय कार्य समितिको अधिवेशन हुने मिति र समय तोकी सामान्यतयाः ३० दिन अगावै सदस्यहरुलाई सूचना पठाउनु पर्नेछ ।

झ) यसरी सूचना पठाउदा महाअधिवेशन  छलफल निमित्त प्रस्तावित विषय सूचिका बारेमा समेत जानकारी गराउनु पर्नेछ ।

ञ) विशेष महाअधिवेशन बोलाउनु परेमा सोको लागि १५ दिनको अग्रिम सूचना दिनु पर्नेछ । महाअधिवेशन वा विशेष महाअधिवेशनमा उपस्थित सदस्यहरुको बहुमतद्वारा पारित गरिएका विषयहरुलाई पो.वि.प्रा.सं. को निर्णय मानी कार्यान्वयन गरिनेछ ।

ट) पो.वि.प्रा.सं. अधिवेशन सदस्य संख्याको कम्तिमा पचास प्रतिशतलाई गणपूरक संख्या मानिने छ । तोकिएको गणपूरक संख्या नपुगेमा सात दिन भित्रमा पुनः महाअधिवेशन बोलाउनु पर्नेछ । यसरी दोस्रो पटक बोलाईएको अधिवेशनमा उपस्थित सदस्य संख्यालाई नै गणपूरका संख्या मानिनेछ ।

९. **पो.विप्रा.सं. केन्द्रीय कार्य समिति :**

क) पो.विप्रा.सं. केन्द्रीय कार्य समितिमा निम्नानुसारका पदाधिकारी तथा सदस्यहरु रहने छन् ।

| | |
|---|---|
| १) सभापति | - १ |
| २) उप-सभापति | - १ |
| ३) महासचिव | - १ |
| ४) सचिव | - १ |
| ५) कोषाध्यक्ष | - १ |
| ६) सदस्यहरु | - ३-७ |
| ७) पो.वि.प्रा.सं. निवर्तमान सभापति पदेन सदस्य | - १ |

ख) पो.वि.प्रा.सं. केन्द्रीय कार्य समितिको पदावधि तीन वर्षको हुनेछ ।

ग) महाअधिवेशनबाट पारित नीति-निर्देशन तथा निर्णय अनुसार पो.वि.प्रा.सं.संग सम्वन्धित कार्यक्रम तर्जुमा, कार्यान्वयन एवं निरीक्षण गर्ने अभिभारा यस समितिमा रहनेछ । आफ्नो कार्य सम्पादन गर्ने सिलशीलामा पो.वि.प्रा.सं.ले आवश्यकता अनुरुप विभिन्न विश्वविद्यालय प्राध्यापक संघको केन्द्रीय समितिहरुसंग सम्पर्क र समन्वय गर्नेछन् ।

घ) केन्द्रीय कार्य समितिको बैठक सामान्यतया महिनामा एक पटक बस्नेछ । यस कार्य समितिले गर्ने निर्णय बहुमतको आधारमा हुनेछ ।

ङ) महाअधिवेशनमा भाग लिन केन्द्रीय कार्य समितिले पर्यवेक्षकहरुको व्यवस्था गर्न सक्नेछ ।

**१०. केन्द्रीय कार्य समितिका पदाधिकारी तथा सदस्यहरुको काम, कर्तव्य र अधिकार :**

क) सभापति : सभापतिले केन्द्रीय कार्य समिति र महाअधिवेशनको अध्यक्षता गर्नेछ । कुनै विषयको पक्ष र विपक्षमा मत बराबर भएमा निजले आफ्नो निर्णयक मत दिन पाउने छ । विश्वविद्यालयको सभाको पदेन सदस्यको रुपमा रहनेछ ।

ख) उप-सभापति : उप-सभापतिले सभापतिको कार्य सम्पादनमा सहयोग गर्नेछ र सभापतिको अनुपस्थितिमा निजले अध्यक्षको हैसियतले काम गर्नेछ ।

ग) महासचिव : केन्द्रीय कार्य समितिको दैनिक कार्यालय संचालन सम्बन्धि कार्य सचिवले गर्नेछ । केन्द्रीय कार्य समितिको तर्फबाट प्रतिवेदन पेश गर्नेछ । साथै पो.वि.प्रा.सं.को विधानको अधीनमा रही केन्द्रीय कार्य समिति वा अधिवेशनले निर्देशन गरेको अन्य कार्यहरु समेत गर्नेछ ।

घ) सचिवः सचिवले महासचिवको कार्य सम्पादनमा सहयोग गर्नेछ र निजको अनुपस्थितिमा निजले गर्नुपर्ने सम्पूर्ण कार्य गर्नेछ ।

ङ) कोषाध्यक्षः पो.वि.प्रा.सं. को सम्पूर्ण आर्थिक कारोबार कोषाध्यक्षको जिम्मामा रहनेछ । निजले पो.वि.प्रा.सं. को वार्षिक आर्थिक प्रतिवेदन तयार पारी केन्द्रीय कार्य समितिद्वारा पारित गराई अधिवेशनमा प्रस्तुत गर्नेछ । यसरी प्रस्तुत गरिने प्रतिवेदन मान्यता प्राप्त लेखा परीक्षकद्वरा परीक्षण गराइएको हुनुपर्ने छ ।

च) सदस्य : सदस्यहरु संघको उद्देश्य अनुरुपको कार्य गर्न क्रियाशील रहने छन् ।

**११. अविश्वासको प्रस्तावः**

क) पो.वि.प्रा.सं. को कुनै पनि पदाधिकारी वा सदस्यका विरुद्ध अधिवेशनका कम्तिमा तेत्तीस प्रतिशत सदस्यहरुले कारण खुलाई हस्ताक्षर सहित पो.वि.प्रा.सं. केन्द्रीय कार्यालयमा अविश्वासको प्रस्ताव दर्ता गर्न सक्नेछन् । यस्तो प्रस्ताव दर्ता भएको तीस दिनभित्र अधिवेशन बोलाइनेछ । उपस्थित सदस्यहरुको दुइ-तिहाई बहुमतले अविश्वास प्रस्ताव पारित गरेमा अभियोग लागेका पदाधिकारीहरु पदमुक्त हुनेछन् । उक्त रिक्त रहन आएको पदको पूर्ति सो अधिवेशनले बांकी अवधिको लागि गर्नेछ।

ख) सभापतिको विरुद्ध अविश्वास प्रस्ताव आएको अवस्थामा अधिवेशनको अध्यक्षता उप-सभापतिले गर्नेछन् ।

ग) यस्तो अविश्वासका प्रस्ताव वर्षमा एक पटक भन्दा बढी ल्याउन पाईने छैन ।

**१२. रिक्त पदको पूर्ति :**

क) दफा ११ को अवस्था बाहेक राजिनामा स्वीकृत भएमा, मृत्युभएमा, बहुलाएमा वा नैतिक पतन हुने फौजदारी अभियोगमा अदालतबाट दोषी प्रमाणित भै केन्द्रीय कार्य समितिमा कुनै पद रिक्त हुन आएमा केन्द्रीय कार्य समितिले अधिवेशनका सदस्यहरुमध्येबाट बांकी अवधिका लागि रिक्त पदपूर्ति गर्नेछ ।

**१३. निर्वाचन :**

क) केन्द्रीय कार्य समितिले आफ्नो पदावधि समाप्त हुनुभन्दा कम्तिमा एक महिना अघि सातदेखि एघार सदस्य भएको निर्वाचन समिति गठन गर्नेछ ।

ख) निर्वाचन समितिले पो.वि.प्रा.सं. को विधानको अधीनमा रही निर्वाचनसम्बन्धी कार्यक्रम, प्रक्रिया तथा नियम तय गर्नेछ र निर्वाचनको सम्वन्धमा समितिले गरेको निर्णय अन्तिम हुनेछ ।

ग) निर्वाचन समितिका सदस्यहरुलाई मताधिकार हुनेछ तर निजहरुले कुनै पनि पदका निमित्त उम्मेदवारी दिन पाउने छैनन् ।

**१४. विधान संशोधन :**

विधान संशोधन गर्न आवश्यक भएमा केन्द्रीय कार्यसमितिले प्रस्ताव ल्याउन सक्नेछ । यस्तो प्रस्ताव उपर केन्द्रीय कार्य समितिको वैठकमा छलफल गरी सम्पूर्ण कार्यसमितिको दुइ-तिहाई मतद्वारा विधान संशोधन गर्न सक्नेछ तर उक्त संशोधित विधानलाई अधिवेशनले पारित गर्नु पर्दछ अन्यथा स्वतः खारेज हुने छ ।

**१५. पो.वि.प्रा.सं.को कोषः**

पो.वि.प्रा.सं.को आफ्नो एउटा छुट्टै कोष हुनेछ । उक्त कोषमा देहायका रकमहरु जम्मा हुनेछन् ।

क) दफा ६ को उप-दफा -ख), (ग) र (ङ) अनुरुप प्राप्त रकम ।

ख) विभिन्न क्षेत्र र श्रोतबाट प्राप्त अनुदान, चन्दा र अन्य आम्दानीहरु ।

ग) पो.वि.प्रा.सं.को नाममा बैंकमा खाता खोली काषको रकम जम्मा गरिनेछ र सो कोषको खाता संचालन केन्द्रीय कार्य समितिको अध्यक्ष वा महासचिव मध्ये कुनै एक र कोषाध्यक्षको संयुक्त हस्ताक्षरबाट हुनेछ ।

**१६. विविधः**

झण्डा, मनोग्राम र छाप परिशिष्टमा उल्लेख भए बमोजिम हुनेछ ।

**१७. एकाइ समिति :**

पो.वि.प्रा.सं. अन्तर्गत रहने विभिन्न क्याम्पस तहमा एकाइ समिति रहनेछन् । तिनको गठन कार्यकाल तथा काम कर्तव्य र अधिकारहरु यस विधानसंग नबाझिने गरी बनाएको क्याम्पस इकाई प्राध्यापक संघको विधान बमोजिम हुनेछ ।

**१८. पो.वि.प्रा.सं. एकाइ समितिको गठन, कार्यकाल, काम, कर्तव्य र अधिकार :**

क) यो समिति न्यूनतम् पांच जनादेखि एघार जनासम्मको हुनेछ । यसमा सभापति, उप-सभापति, सचिव, उप-सचिव र कोषाध्यक्ष सहित अन्य सदस्यहरु रहनेछन् । पांचजना भन्दा कम सदस्य संख्या भएको एकाइका हकमा आवश्यकतानुसारको समिति गठन गर्न सकिनेछ ।

ख) यस समितिका सदस्यहरुको निर्वाचन समानुपातिक सिद्धान्त अनुरुप एकल संक्रमणीय पद्धतिअनुसार हुनेछ । निर्वाचित सदस्यहरु मध्येबाट सभापति, उप-सभापति, सचिव, उप-सचिव र कोषाध्यक्षको चयन गरिनेछ ।

ग) यस समितिको कार्यकाल तीन वर्षको हुनेछ । प्रत्येक तेस्रो वर्षका पौष मसान्तभित्र नयां कार्य समिति गठन भैसक्नु पर्नेछ । नयां एकाई समिति गठन नहुन्जेल तत्काल कायम रहेको एकाई समितिले यथावत कार्य गर्नेछ ।

घ) यस समितिको बैठक सामान्यतया महिनामा एक पटक बस्नेछ ।

ङ ) केन्द्रीय समितिसंग सम्पर्क राखी संघको उद्देश्य परिपुर्तिका लागि आफ्नो एकाइमा कार्यक्रम संचालन गर्ने यसको कर्तव्य हुनेछ । यसले केन्द्रीय समितिको निर्देशन पालन गर्नुपर्नेछ ।

च) यसमा कुनै पद रिक्त हुन आएमा रिक्त भएको मितिले तीन महिनाभित्र बांकी अवधिको लागि साधारण सभाबाट पदपुर्ति गरिनेछ ।

**१९. विधानको व्याख्या :**

यस विधानको अन्तिम व्याख्याता पोखरा विश्वविद्यालय प्राध्यापक संघ केन्द्रीय कार्य समिति हुनेछ ।

## परिशिष्ट “क”

**छाप : संघको छाप निम्न प्रकारको हुनेछ :**

क) अण्डाकारको गोलाई, दाहिने र बांया छेउमा पांच कुने तारा, भित्र माथि “प्राध्यापक” वीचमा “स्थापित २०५७” र पुछारमा पोखरा विश्वविद्यालय, पोखरा रहनेछ ।

ख) एकाइ समितिको छाप अरु सबै -क) मा उल्लेख भए अनुसार हुनेछ । त्यसपछि पोखरा विश्वविद्यालय र पुछारमा समितिको नाम र स्थान रहनेछ ।

## परिशिष्ट “ख”

क) झण्डाको आकार चारकुने हुनेछ ।

ख) मानोग्रामको आकार गोलो हुनेछ ।

ग) दुवै मोनोग्राम र झण्डाको पृष्ठभूमि भित्र सेतो षट्कोण हुनेछ ।

घ) गाढा नीलो पृष्ठभूमि भित्र सेतो षट्कोण हुनेछ ।

ङ) सेतो षट्कोण भित्र बलेको दियो वा पानस हुनेछ ।

च) बलेको दियो वा पानसको रंग ताम्र रंग हुनेछ ।

छ) दियो वा पानसको ज्वाला सुनौलो रंगको हुनेछ ।

ज) षट्कोणको तल पोखरा विश्वविद्यालय प्राध्यापक संघ २०५७ लेखिनेछ ।

झ) षट्कोण माथि “विद्ययाऽमृतमश्नुते” लेखिनेछ ।

# अनलाइनमा प्रकाशन गर्ने केन्द्रीय समिति

## पोखरा विश्वविद्यालय प्राध्यापक संघको छैठौं कार्यसमिति (२०७५)

| | |
|---|---|
| १) श्री हेमराज पाण्डे | सभापति |
| २) श्री रामकृण्ण चापागाँई | उप-सभापति |
| ३) श्री रविन्द्र प्रसाद वराल | महासचिव |
| ४) श्री रोजना ढकाल | सचिव |
| ५) श्री विष्णु न्यौपाने | कोषाध्यक्ष |
| ६) श्री चिरञ्जीवी अधिकारी | सदस्य |
| ७) श्री ओम गिरी | सदस्य |
| ८) श्री शंकर लामिछाने | सदस्य |
| ९) श्री निर्मला न्यौपाने | सदस्य |